# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जोगबुडा,डडेल्धुरा
## सुदूरपश्चिम प्रदेश, नेपाल

मिति :- २०७८/०३/०१

प.सं. :- २०७७/०७८
च.नं. :- १०११

श्री वडा कार्यालय सबै,
श्री उपभोक्ता समिति सबै,
श्री निर्माण व्यवसायि सबै,
श्री विषयगत शाखा सबै,

**विषय : कार्यक्रम तथा योजना फरफारक गर्ने सम्बन्धमा ।**

यस परशुराम नगरपालिकामा आ.व. २०७७/०७८ मा संचालित सम्पूर्ण योजना तथा कार्यक्रमहरूको अन्तिम किस्ता भुक्तानीको लागि सम्पूर्ण कागजात तयार गरी २०७८ असार १५ गते भित्र यस कार्यालयमा पेश गरिसक्नुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३० बमोजिम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अगावै भुक्तानी दिई निकासा र खर्च अद्यावधिक गरि भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था रहेकाले २०७८ असार १५ पछाडि संघ तथा प्रदेश सरकारबाट प्राप्त शसर्त, विशेष र समपूरक अनुदानको खर्च हुन नसकेको रकम एकिन गरि असार २३ गते भित्रै रकम फिर्ता भौचर सहित कोष तथा लेखा नियन्त्रक कार्यालय डडेल्धुरामा पेश गर्नुपर्ने र भुक्तानीमा गरिएका कर कट्टीहरू समेत दाखिला गर्नुपर्ने तथा आ. व. २०७७/०७८ को आय व्यय हिसाब भिडान गरि प्रतिवेदन गर्नुपर्ने भएकाले तोकिएको समयसिमा पछाडि पेश हुन आएका भुक्तानीका फाईलहरू उपर कुनै पनि कारबाहि नगरिने र नगरपालिकाको कार्यालय जिम्मेवार नहुने कुरा यसै सूचना मार्फत सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै चालु आर्थिक वर्षमा जारी गरीएका चेकहरू समेत अर्को आ.व.मा नसाटिने भएकाले चेकहरू जारी भएकै मितिमा बैंकमा साटिदिन हुन समेत सम्बन्धित सबैमा अनुरोध गरीन्छ ।

२०७८/०३/०१

..........................
तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत